# आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०८१

गाउँसभाको ११ औं अधिवेशनमा मिति २०८१/०३/०७ गतेका दिन गाउँपालिका उपाध्यक्ष श्री राजकुमारी रेउले ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**यस त्रिवेणी गाउँपालिकाको गरिमामय गाउँसभाका अध्यक्ष ज्यू,**

**सदस्य ज्यूहरु,**

राष्ट्रको महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मार्फत सिंहदरबार केन्द्रित जनताको अधिकार जनताकै घरदैलोमा पुऱ्याई आफ्नो भाग्यको फैसला आफै गर्ने अधिकार सहित यहाँसम्म पुऱ्याउन विभिन्न कालखण्डमा लगायत जनयुद्ध र जनआन्दोलनका महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते अपाङ्गप्रति उच्च सम्मान प्रकट गर्दै गाउँसभाको यस ११ औं अधिवेशनमा उपस्थित हुनु भएका सम्पुर्ण सदस्य ज्यूहरुमा अभिवादन गर्न चाहान्छु ।

मिति २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लामा भएको मानवीय तथा अन्य विपद्जन्य वाढीपहिरो जस्ता प्रकोपबाट ज्यान गुमाएका मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस्तो विपद्मा परी घाइते तथा अंगभंग भएको नागरिकको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस गरिमामय सभामा उपस्थित आमन्त्रित अतिथि गणहरु, पत्रकार, सुरक्षाकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण त्रिवेणीबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहान्छु । राज्यको सीमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मुल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानिय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै त्रिवेणी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो । यद्यपि भौगोलिक असहजता, गरिबी, अभाव, घरेलु हिंसा, अशिक्षा जस्ता थुप्रै समस्याहरु हुँदाहुँदै पनि प्राकृतिक सौन्दर्य, विविधता र पछिल्लो समयमा देखिएको विकासक्रमले सकारात्मक सन्देश दिएको अवस्था छ ।

**सभाध्यक्ष महोदय,**

त्रिबेणी गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका मध्यको एक हो । साविकका गा. वि. स. हरु रुँघा, खारा, मूरु, पेउघा र नुवाकोटको (३) नं वडाको भूभाग ओगटेर बनेको यस गाउपालिकाको कुल क्षेत्रफल ८५.४९ वर्ग कि.मी. रहेको र १० वटा वडामा पछिल्लो तथ्यांक अनुसार ४४०० घरधुरी र कूल जनसंख्या २३,५२० रहेकोमा हालको सन्दर्भमा सो संख्यामा बृद्धि भई गाउँपालिकाले सेवा प्रदान गर्नुपर्ने जनसंख्यामा बृद्धि हुँदै गएको

त्रिवेणी गाउँपालिका रुकुम पश्चिम

छ । राज्यको पुर्नसंरचनाका क्रममा त्रिवेणी गाउँपालिकालाई सुविधा सम्पन्न, व्यवस्थित र सुन्दर पालिकाको रुपमा विकास गर्न र सोही अनुरुप आवश्यक संरचना निर्माण कार्य क्रमिक रुपमा भैरहेको अवस्था छ । सबै क्षेत्रबाट यसलाई विकास गर्नका लागि सबै सरोकारवालाहरुले यसमा ध्यान पुऱ्याउन जरुरी भएको हुनाले यसतर्फ सबैलाई जानकारी एवं ध्यान आर्कषण गराउन चाहान्छु ।

विकास क्रियाकलापलाई जनताका पक्षमा योजनाबद्ध रुपमा संचालन गर्ने मार्ग निर्देशनको रुपमा नेपालको संबिधान २०७२ को अनुसूचि ८ मा उल्लेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा बिषयगत अधिकारहरुको सूचिमा ब्यबस्था भएबमोजिम गाउँ पालिकाको कार्य जिम्मेवारी नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन र (मन्त्रिपरिषद) प्रचलित कानुन बमोजिम कार्यान्वयनमा ल्याउन आवश्यक छ । वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाईएका र अपेक्षा गरिएका कतिपय माग र आवश्यकताहरुको यथोचित सम्बोधन हुन नसकेको अवस्था विद्यामान छ । कार्यान्वयनमा ल्याईएका उपरोक्त योजनाहरुको समिक्षा, विश्लेषण र  नयाँ मागलाई सम्बोधन गर्न पालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनको चरणमा रहेको छ र विकासका लागि गाउँपालिकाको संस्थागत संरचना मन, वचन र कर्मका साथ क्रियाशिल रहेको कुरा सगर्व निवेदन गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठूलो राजनैतिक परिवर्तनपछि बिगतको सामन्ती केन्द्रिकृत राज्य सयन्त्रको संस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्फुर्तरुपमा जागृत भएको छ । नेपाली जनताको निरन्तर त्याग बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँ सरकारको तर्फबाट गाउँपालिकाका उर्जाशील जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र समृद्ध गाउँपालिकाको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

उपरोक्त परिवेशमा सीमित स्रोत साधनवाट धेरै आवश्यकता सम्बोधन गर्नुपर्ने यो बजेट साामाजिक रुपान्तरण, आर्थिक विकास र त्रिवेणी गाउँपालिकाको समृद्धिको आधारशिला बन्ने विश्वास लिएको छु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयनको संक्षिप्त रुपमा समीक्षा गर्न चाहन्छु ।

**विपद् व्यवस्थापनतर्फ**

चालु आर्थिक वर्षको सुरुवाती चरणमै २०८० कातिक १७ गते जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पका कारण हाम्रो यस त्रिवेणी गाउंपालिकामा मानवीय क्षति नभएतापनि भौतिक संरचनामा ठूलो क्षति पुग्न गयो । उक्त विपद्का कारण गाउँपालिकाको समग्र जनशक्ति र स्रोत परिचालन गर्दै राहत तथा उद्दारको काम सम्पन्न गरियो । विभिन्न निकायको सहयोगमा प्राप्त राहत सामाग्रीलाई सबै वडाहरुमा वितरण गर्ने र विपद्बाट भएको क्षतिको विवरण संकलन गर्ने र अस्थायी आवासका लागि टहरा निर्माणको पहिलो किस्ता रकम भुक्तानी गर्ने कार्य गरियो । जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिबाट ४७२५ लाभग्राहीका लागि प्राप्त रकम रु. ११ करोड ८१ लाख २५ हजार रुपैयाँ हालसम्म खर्च भएको अवस्था छ भने दोस्रो किस्ताको रकम माग गर्ने कार्य सम्पन्न भएको छ । कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, रोटरी इन्टरनेशनल, एनसेट र गाउँपालिकाको साझेदारीमा १२ जना डकर्मीहरुलाई तालिम दिइनुका साथै एउटा नमूना भूकम्प प्रतिरोधी घर निर्माण गरिएको छ ।

**राजश्व संकलनको अवस्था**

आर्थिक वर्ष २०८०/०८१ मा रु. एक करोड राजश्व संकलनको लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म रु. **८७ लाख ६४ हजार ८ सय ५०** राजश्व संकलन भएको छ । व्यवसायी तथा आम नागरिकमा कर तिर्नुपर्छ भन्ने भावनाको विकास गराउन राजश्व परामर्श समिति तथा राजश्व शाखाको तदारुकताले राजश्व संकलन कार्यलाई लक्ष्य उन्मुख बनाउन सकिएको छ । तथापि राजश्व बृद्धि र राजश्वको दायरा विस्तारमा पालिका गम्भीर रहेको छ ।

**भौतिक पूर्वाधार तर्फ**

आर्थिक वर्ष २०८०/०८१ को बिनियोजित रकम बाट भौतिक पूर्वाधारका क्षेत्रमा विभिन्न कामहरू भएका छन् । जसमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने गाउँपालिकाको १० शैयाको आधारभुत अस्पतालको निर्माण कार्य समेत जारी रहेको छ । सडक तर्फ १० वटै वडाहरूमा साना ठूला गरी

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

करिब १८ वटा सडक निर्माण, स्तरोन्नति तथा मर्मत कार्य सम्पन्न गरिएको छ । लामाखेत-जिवाङ-लामामेला-रोल्पा सडक स्तरोन्नति गरिएको छ भने खारानेटा-लिवाङ-काउलेचौर सडक निर्माण कार्य अन्तिम चरणमा रहेको छ । त्यस्तैगरी पैरेटा-मुरु-लाछिकोट-कुरल-पितिवाङ सडक र साजारुख-आवि भुम्के-बरेनटी-टोट्के सडक पनि निर्माणको स्तरोन्नतिको अन्तिम चरणमा रहेका छन् ।

वन हर्टसँगको सहकार्यमा मुरु स्वास्थ्य चौकीमा भवन निर्माण कार्य सम्पन्न भएको छ भने बालकल्याण आवि भेडाखर्कको विद्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । सामुदायिक रेडियो समावेशी आवाजको भवन निर्माण कार्य सम्पन्न गरिएको छ । साथै त्रिवेणी गाउँपालिका वडा नं ७ मा जिल्ला समन्वय समिति र गाउँपालिकाको संयुक्त लागत साझेदारीमा थारमारे राजकोट लिफ्ट खानेपानी ट्याङ्की निर्माण तथा पाईपलाईन विस्तार कार्य सम्पन्न भएको छ । शहिद स्मृति प्रतिष्ठान पूर्वाधार निर्माण कार्य संचालन भैरहेको छ । संघ प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाको विभिन्न स्थानमा खानेपानी योजना निर्माण कार्य सम्पन्न गरिएको छ ।

### शिक्षा, युवा तथा खेलकुद तर्फ

बालविकास शिक्षकहरुको तालिम, ICT तालिम संचालन गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माण गरी लागु भएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिअस अध्यक्ष, प्रअहरुबीचमा शिक्षा सुधार बारे अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको छ । परीक्षा केन्द्र परिवर्तन गरी परीक्षामा सुधार गर्ने प्रयत्न गरिएको छ । प्रयोगशाला, कम्प्युटर कक्षा, स्मार्टबोर्ड थप गर्दै शिक्षालाई सूचना प्रविधिसँग जोड्ने प्रयत्न भएको छ । राष्ट्रपति रनिङ सिल्ड सम्पन्न भएको छ । आवि भेडाखर्कको ४ कोठे विद्यालय भवन, बेतखोला बालविकास भवन निर्माण, प्रगतिशील आवि त्रिवेणी ८ मा शौचालय निर्माण सम्पन्न गरिएको छ । जनप्रिय मावि पेउघामा पर्खाल निर्माण, युवा जनजागरण मावि झुल्नेटमा पर्खाल र शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ । त्रिवेणी माविमा एक कर्मचारी एक ल्यापटप वितरण गरिएको छ ।

### स्वास्थ्य तथा पोषण तर्फ

नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा घर आँगनबाटै उपलब्ध गराउने उद्देश्य अनुसार प्रत्येक वडामा एक/एक वटा स्वास्थ्य संस्था संचालन गरिएको छ । खोपकेन्द्र मार्फत नियमित खोप सेवा सर्वसुलभ ढंगले प्रदान गरिएको छ । भूकम्प प्रभावित क्षेत्रमा टाइफाइड खोप अभियान, कोभिड १९ विरुद्धको फाइजर खोप अभियान, पोलियो रोग विरुद्धको आईपीभी खोप अभियान संचालन गरिएको छ । ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम

मार्फत गर्भवती महिलालाई USG सेवा प्रदान गरिएको छ । गाउँपालिका अस्पतालबाट ल्याब सेवा, आँखा उपचार सेवा, भिडियो एक्सरे सेवा र एम्बुलेन्स सेवा संचालन गरिएको छ । नागरिक आरोग्य केन्द्र मार्फत आयूर्वेदिक उपचार पद्दति मार्फत निरन्तर सेवा दिइएको छ । घुम्ती सेवा मार्फत ग्रामीण स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याइएको छ । नागरिक स्वास्थ्य परीक्षण शिविर मार्फत ५५ वर्ष माथिका २ हजार ३ सय ४५ जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ । स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड HPMSS कार्यसम्पन्न गरिएको छ र खारा स्वास्थ्य चौकी जिल्लाकै स्वास्थ्य चौकीहरु मध्ये उत्कृष्ठ हुन सफल भएको छ । क्षयरोग नियन्त्रण सम्बन्धी घरदैलो कार्यक्रम सम्पन्न गरिएको छ । मुरु स्वास्थ्य चौकीको भवन निर्माण तथा बर्थिङ सेन्टर निर्माण कार्य सम्पन्न गरिएको छ । आधारभूत स्वास्थ्य केन्द्रको वाल र घेराबार निर्माण गरिएको छ ।

### रोजगार तर्फ

यस आर्थिक वर्षमा रोजगार रणनीति कार्यान्वयन गर्दै रोजगार संवाद मञ्च गठन गरिएको छ । सबै वडाहरुमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सम्पन्न गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आ.व.मा १० वटा सामुदायिक आयोजनाबाट ८४ जनालाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ । साथै मुख्यमन्त्री रोजगार कार्यक्रमबाट पनि १० वटा योजना मार्फत २१० जना बेरोजगार युवाहरुलाई रोजगारी प्रदान गरिएको छ ।

### महिला बालबालिका शाखा तर्फ

कर्णाली प्रदेश सरकारको 'बैंक खाता छोरीको: सुरक्षा जीवनभरीको' कार्यक्रम मार्फत हालसम्म ८६४ छोरीको खाता सञ्चालन गरिएको छ । चालु आर्थिक वर्षमा ५५ जना अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ । लैंगिक हिंसा तथा घरेलु हिंसा निवारण सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गर्नुका साथै सबै वडाहरुमा तीज विशेष कार्यक्रम सञ्चालन गरियो । विभिन्न दिवसको अवसरमा लैंगिक हिंसा निवारणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरियो । लैंगिक हिंसा निवारणका लागि कोषलाई निरन्तरता दिईएको छ ।

### उद्यम विकास तर्फ

त्रिवेणी गाउँपालिका वडा नं ८ का ३० जना व्यक्तिहरुलाई उद्यम विकासका लागि सामाजिक परिचालन र उद्यमशिलता विकास तालिम र १५ जनालाई आधारभूत

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

सिलाईकटाई तालिम प्रदान गरियो । वडा नं १ मा १५ जनालाई सिलाईकटाई एडभान्स तालिम संचालन गरियो । त्यसैगरी वडा नं. ६ मा १५ जनालाई होटेल व्यवस्थापन तालिम दिइएको छ । उल्लेखित कार्यक्रमबाट चालु आर्थिक वर्षमा ३० जना नयाँ उद्यमी सिर्जना भएको छ ।

## कृषि तथा पशुसेवा तर्फ

कृषिलाई आधुनिकरण तथा व्यवसायिकरण गर्न कृषकहरूलाई गाउँपालिका स्तरमा र प्रत्येक वडामा समेत विभिन्न तालिमहरु संचालन गरिएको छ । कृषि यान्त्रीकरण प्रवर्द्धनका लागि ८० प्रतिशत अनुदानमा २४ जना कृषकहरुलाई हाते ट्र्याक्टर वितरण गरियो । करेसाबारी प्रवर्द्धनका लागि एक घर एक करेसाबारी अभियानको रुपमा विभिन्न किसिमका तरकारीका विउबिजनहरु वितरण गरियो । हिउँदे फलफूल अन्तर्गत १३ सय वटा दाँते ओखरका विरुवा वितरण गरिएको छ । ८० प्रतिशत अनुदानमा बेमौसमी गोलभेडा खेतीको निम्ति १५० कृषकहरुलाई प्लाष्टिक टनेल वितरण गरियो । खाद्यान्नबाली अन्तर्गत ८० प्रतिशत अनुदानमा ६२ क्वीन्टल गहुँको उन्नत बीउ वितरण गरिएको छ । साथै १५ क्वीन्टल मकैको मनकामना ३ जातको उन्नत बीउ वितरण गरिएको छ । बाली संरक्षण कार्यक्रम अन्तर्गत शतप्रतिशत अनुदानमा विभिन्न किसिमका ढुसीनाशक तथा किटनाशक विषादी वितरण गरिएको छ ।

पशु औषधी वितरण, पशुपंक्षीमा लाग्ने रोगका विरुद्ध खोप नियमित प्रदान गरिएको छ । कृत्रिम गर्भाधान मिसन कार्यक्रम सम्पन्न गरिएको छ । गाई भैंसी पकेट विकास कार्यक्रम गरिएको छ । कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यावसायिकरणका लागि कृषकहरुको क्षमता अभिबृद्धि तथा प्रविधि हस्तान्तरण अर्न्तगत बाख्रा विशेष कार्यक्रम सम्पन्न गरिएको छ ।

## पर्यटन तथा वन वातावरण तर्फ

त्रिवेणी गाउँपालिका ६ मा रहेको जनयुद्ध संग्रालय प्रदेश सरकारसँग समन्वय गरी निर्माण कार्य भैरहेको छ भने त्रिवेणी ५ लाइतखोलामा जनयुद्ध संग्राहलय पूर्वाधार निर्माण कार्य सञ्चालन भैरहेको छ । संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी सहिद पार्क निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने प्रयास गरिएको छ । त्रिवेणी गाउँपालिकाको संस्कृति संरक्षणका लागि गाउँपालिकाभित्रका सांस्कृतिक तथा साहित्यिक संघ संस्थाहरुको संस्थागत विकास तथा प्रवर्द्धन गर्न विभिन्न गतिविधिहरु सञ्चालन गरिएको छ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**न्यायिक समिति तर्फ**

आर्थिक वर्ष २०८०/०८१ मा न्यायिक समितिमा जम्मा २५ वटा उजुरी परेकोमा १ वटा जिल्ला अदालतमा सिफारिस गरियो भने ११ वटा मिलापत्र गरियो र १ वटालाई मुल्तवीमा राखिएको छ । १ वटाको निर्णय भैसकेको र ११ वटा मुद्दा हाल जारी रहेका छन् । चालु आवमा न्यायिक समितिद्वारा ४८ घण्टे मेलमिलाप सम्बन्धी आधारभूत तालिम र जनतासँग कानुन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मुख्य चूनौतिहरु यसप्रकार उल्लेख गर्न चाहन्छु ।

- यस चालु आर्थिक वर्ष २०८०।०८१ मा स्वीकृत बजेट बमोजिम संघीय सरकारबाट समानीकरण तर्फ र राजश्व बाँडफाँड तर्फको सीमा बमोजिमको बजेट प्राप्त नहुँदा संचालित आयोजना प्रभावित भएका छन् । यसकारण सीमित बजेट तथा स्रोत साधनबाट जनताका असीमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सिमितताका कारण जनताका अनगिन्ती आवश्यकता र आकांक्षा अपेक्षित ढंगले परिपूर्ति गर्न सकिएको छैन ।
- उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच बृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन बृद्धि गर्न चूनौति छ ।
- निर्माण कार्य संचालन गर्ने क्रममा निर्माण व्यवसायी र उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी विकासमा गुणस्तरीयता कायम गर्न चूनौति रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म यस सम्मानित सभा समक्ष आ.व. ०८१।८२ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१) स्वास्थ्य संस्थाको सुदृढिकरण, सर्वसुलभ, विश्वसनीय, भरपर्दो र सुरक्षित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु ।

२) कृषि पेशालाई व्यवसायिक र आधुनिक प्रविधिमैत्री बनाई कृषकहरुको जीवनस्तरमा सुधार ल्याउनु ।

३) दुग्धजन्य उत्पादन वृद्धि र दुग्ध प्रशोधन गरी निर्यातमा सहजता ल्याई कृषकलाई आत्मनिर्भर बनाउनु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

४) सामाजिक न्याय समावेशीकरण र समानताको प्रवर्द्धन गर्नु ।
५) नागरिकको प्रत्यक्ष जीवन प्रक्रियासंग जोडिएका पुर्वाधार संरचनाको विकास गर्नु ।
६) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, तथा स्वच्छ खानेपानी र सरसफाईलाई प्राथमिकताका साथ परिपुर्ति गर्नु ।
७) स्थानिय तहको सेवा प्रवाहलाई चुस्त-दुरुस्त तुल्याउन प्रशासनिक व्यवस्थापन तथा पूर्वाधार संरचनाको विकास गर्नु ।
८) सडक, झोलुंगे पुल, मोटरेवल पुल, भवन तथा बस्ती विकास, सिंचाई, सञ्चार क्षेत्रको सुदृढिकरण र विकास गर्नु ।
९) पूर्वाधारको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवन यापनमा सहजता ल्याउनु ।
१०) स्वच्छ पिउने पानी तथा सरसफाईमा गाउँबासीको पहुँचमा वृद्धि गर्नु ।
११) उद्यम र उद्यमशीलताको विकास, कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।
१२) स्थानिय लोक, कलासंस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नु ।
१३) शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरिय, व्यबसायिक र समाबेशि गराउन योजनाबद्ध विकासको शुरुवात गर्नु ।
१४) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्नु ।
१५) विपद जन्य जोखिम न्यूनिकरणका लागि योजना र कोष निर्माण गर्नु ।
१६) विद्युतिय सुशासनको क्रमशः विस्तार गर्दै लैजानु ।
१७) संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्नु ।

**सभाध्यक्ष महोदय,**

**बजेटका उल्लेखित उद्देश्यहरु पुरा गर्न मैले योजना तथा कार्यक्रम छनौट गर्दा तपशिल बमोजिमका कुराहरुलाई ध्यानमा राख्ने प्रयास गरेको छु ।**

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान,
- स्थानिय चेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीताको अभिवृद्धि,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि,

- वातावरण संरक्षण, विपद व्यवस्थापन र जलवायु अनुकुलन,
- संस्कृति र पहिचान प्रवर्द्धन,
- सेवा प्रवाह, संस्थागत विकास, सुशासन र सेवा प्रवाहमा सुधार,
- गुणस्तरीय, जीवनउपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा बृद्धि, मानव संसाधन विकास ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**स्वास्थ्य सेवा र पोषण तर्फ**

- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, उपचारात्मक सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, परिवार कल्याण कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य सेवा तालिम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालनका साथै औषधी खरिद गर्न र समग्र स्वास्थ्य क्षेत्रको सुदृढिकरण गर्न रु. **२ करोड ५६ लाख ६० हजार** विनियोजन गरेको छु ।
- गाउँपालिकाको १० शैयाको आधारभूत अस्पतालको निर्माणाधीन भवनको कार्य सम्पन्न गर्नका लागि रु. **४ करोड ३४ लाख** विनियोजन गरिएको छ ।
- सुत्केरी सेवाको लागि महिलाहरुलाई बर्थिङ सेन्टर तथा जिल्लाभित्रका स्वास्थ्य संस्थासम्म पुऱ्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा दिने व्यवस्थालाई मिलाएको छु । गर्भवती चेकजाँचको लागि प्रत्येक महिनामा एकपटक चिकित्सक सहित ग्रामीण भिडियो एक्सरे र प्रयोगशाला सेवा दिने व्यवस्था मिलाएको छु, सो का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवं अन्य अन्य वैकल्पिक चिकित्सा पद्दतिको विकास र विस्तार गर्न एवं संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नागरिक आरोग्य केन्द्र मार्फत प्रदान गरिने सेवालाई निरन्तरता दिइएको छ । जसका लागि रु. **४ लाख** विनियोजन गरेको छु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी मातृशिशु स्वास्थ्य एवं आमा तथा बच्चाको पोषणको अवस्था सुधार गर्न रु. **१३ लाख** विनियोजन गरिएको छ ।

### कृषि तथा पशुसेवा तर्फ

- कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायिकरणका लागि कृषकहरुको क्षमता अभिबृद्धि तथा प्रविधि हस्तान्तरण परियोजनाका लागि रु. **२ करोड ५० लाख** विनियोजन गरेको छु ।
- कृषि सामाग्री तथा कृषि यान्त्रिकरण, बीउविजन तथा विषादी वितरण गर्नुका साथै कृषकको क्षमता विकासका विभिन्न गतिविधिहरु संचालन गरिनेछ, जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- मकै बाली प्रवर्द्धन कार्यक्रमका लागि रु. **७ लाख** विनियोजन गरिएको छ ।
- दुग्ध संकलन केन्द्र निर्माण, चिलिङ भ्याट खरिद तथा जडान समेतको लागि रु **१ करोड** विनियोजन गरिएको छ ।
- पशुसेवा शाखा मार्फत गाउँपालिकामा पशु रोग नियन्त्रण, कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादन बृद्धि, र पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि निःशुल्क औषधीहरु वितरण, पशु उपचार शिविर सञ्चालन, डालेघाँस प्रवर्द्धन र घाँसखेती विस्तार लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

### शिक्षा, युवा तथा खेलकूद तर्फ

- सबैका लागि शिक्षा कार्यक्रम-आधारभूत तह (आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान) का लागि रु. **९ करोड १८ लाख ४१ हजार** विनियोजन गरिएको छ ।
- माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान स्वरुप रु. **२ करोड ११ लाख ४८ हजार** विनियोजन गरिएको छ ।
- गाउँपालिका अनुदान शिक्षक, कर्मचारीहरुको तलब भत्ता स्वरुप रु. **४ करोड ९० लाख** विनियोजन गरेको छु ।
- विद्यालय शिक्षा क्षेत्र योजना सञ्चालनका लागि रु. **६ करोड ८ लाख ९२ हजार** विनियोजन गरिएको छ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- शैक्षिक क्षेत्रको समग्र विकासका लागि शिक्षा युवा तथा खेलकूद शाखामार्फत विभिन्न क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि रु. २० लाख विनियोजन गरेको छु ।
- विद्यार्थीहरुलाई खेलप्रति आकर्षण बढाउन विद्यालय स्तरीय तथा पालिका स्तरीय विभिन्न खेलकूद प्रतियोगिताहरु सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## पूर्वाधार विकास तथा सडक निर्माण तर्फ

- त्रिवेणी गाउँपालिकामा ग्रामीण तथा कृषि सडक विस्तार र स्तरोन्नति कार्यलाई मध्यनजर गरी खारानेटा-विताडाँडा-झ्यामखोला-मुरुडाँडा सडक निर्माणका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।
- पैराटा-इन्द्र-अर्मालीडेरा-ढुंगेघर-चौतारा सडक निर्माणका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।
- चिनछरे-लसुने-करेलीखोरिया-बाँदरपानी सडक निर्माणका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण त्रिवेणी ६ विताडाँडाका लागि रु. ४० लाख विनियोजन गरेकोछु ।
- बालबोध आवि झुम्के भवन निर्माण योजना त्रिवेणी १० का लागि रु. ४० लाख विनियोजन गरेको छु ।
- कालिका आधारभूत विद्यालय दाङचुङ वडा नं १ भवन निर्माणका लागि रु. ४० लाख विनियोजन गरेको छु ।
- सिम्रुतु शहिद स्मृति प्रतिष्ठान भवन निर्माणका लागि रु ५० लाख विनियोजन गरेको छु ।
- बन्चरे-धुम-त्रिशुले सडक निर्माणका लागि रु २० लाख विनियोजन गरेको छु ।
- त्रिवेणी मावि सिम्रुतु भवन निर्माणका लागि रु. २५ लाख विनियोजन गरेको छु ।
- तल्लो मालुबेला-टुनीबोट सिंचाई योजना त्रिवेणी ९ का लागि रु. १५ लाख विनियोजन गरेको छु ।
- खारानेटा-खोरबारे-घोरेढुंगा सडक निर्माणका लागि रु. २० लाख विनियोजन गरिएको छ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- माझगाउँ स्वास्थ्य केन्द्र-गैरीखेत सडक स्तरोन्नतिका लागि रु. **२५ लाख** विनियोजन गरेको छु ।
- खारानेटा राप्ती राजमार्गदेखि त्रिवेणी गाउँपालिका कार्यालयसम्म सडक स्तरोन्नतिका लागि रु. **३० लाख** विनियोजन गरेको छु ।
- दिव्यचक्ष्यु मावि घेराबार तथा भौतिक संरचना निर्माणका लागि रु. **२५ लाख** विनियोजन गरेको छु ।
- सिम्रुतु क्याम्पस घेराबार तथा पर्खाल निर्माणका लागि रु. **१५ लाख** विनियोजन गरेको छु ।
- खाराखोला सडक पुल निर्माण त्रिवेणी ४ का लागि रु. **४० लाख** विनियोजन गरेको छु ।
- कुनवाङखोला सडक पुन निर्माण त्रिवेणी ५ का लागि रु. **४० लाख** विनियोजन गरेको छु ।
- वडा कार्यालय भवन निर्माण त्रिवेणी ७ का लागि रु. **५० लाख** विनियोजन गरेको छु ।
- वडाहरुको पूर्वाधार विकास तथा सडक सरसफाईका लागि पुँजीगत खर्च शीर्षक तर्फ रु. **१ करोड** बजेट विनियोजन गरेको छु ।
- सिम्रुतु र झुल्नेटा बजारमा पैदलमार्ग निर्माणका लागि रु. **२० लाख** विनियोजन गरेको छु ।

**झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ**

- रुँघाखोला झो.पु. र हाइवाङखोला झो.पु. निर्माण कार्य निरन्तरताका लागि रु. **१० लाख** विनियोजन गरिएको छ ।

**वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तर्फ**

- वन वातावरण संरक्षणका लागि वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ । जसका लागि रु. **२ लाख** विनियोजन गरेको छु ।
- भूकम्पपछिको पुननिर्माण, विपद् जोखिम न्यूनिकरणका लागि संघीय सरकार र प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको सहकार्यमा पुननिर्माण कार्य अगाडि बढाइनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- मनसुनजन्य बाढीपहिरो, आगलागी जस्ता विपद् जोखिम न्यूनिकरण तथा राहत व्यवस्थापनका लागि रु. **११ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिकाको मुख्य बजार झुल्नेटा र सिम्रुतुको फोहोरमैला व्यवस्थापनका लागि रु. **५ लाख** विनियोजन गरेको छु ।

## रोजगार तर्फ

- त्रिवेणी गाउँपालिकामा रहेका बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा स्थानीय तह मार्फत हुने विकास निर्माणका योजनाहरु मार्फत करिब एकसय युवाहरुलाई रोजगारी उपलब्ध गराईने छ । प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु. **८४ लाख ९० हजार** विनियोजन गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाहरुमा लगानी साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १० वटै वडाहरुमा योजना सञ्चालनका लागि रु. **१ करोड ५० लाख** विनियोजन गरिएको छ ।

## उद्यम विकास तर्फ

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने, आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने र लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने व्यवस्था मिलाइएको छ । जसका लागि रु. **१३ लाख** विनियोजन गरिएको छ ।

## न्यायिक समिति तर्फ

- संघीयता अनुकुलको गुणस्तरीय कानुन निर्माण गरी निःशुल्क कानुनी सहायता, स्थानीय न्यायिक समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी, वकिलको न्याय सम्पादन एवं मुद्दा सम्पादन, व्यवस्थापन क्षमता अभिबृद्धि, अपराध अनुसन्धान, वस्तुगत प्रमाणमा आधारित बनाउने, मुद्दाका साक्षी, प्रमाणको प्रस्तुति, कानुनी शिक्षा शिक्षण र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ । जसका लागि रु. **१० लाख** विनियोजन गरेको छु ।

**लक्षित वर्ग (महिला, बालबालिका, दलित, जनजाति तथा शहिद परिवार) तर्फ**

- महिला सशक्तिकरण, नेतृत्व विकास, महिला सहकारी सुदृढिकरण, बालअधिकारको प्रवर्द्धनका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका महिला तथा बालबालिका शाखा र महिला लक्षित सहित रु. **२० लाख** विनियोजन गरेको छु ।
- शहिद परिवारको आत्मसम्मान तथा आयबृद्धिका लागि रु. **३ लाख** विनियोजन गरेको छु ।
- दलित उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न रु. **१० लाख** विनियोजन गरेको छु ।
- जनजाति उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न रु. **५ लाख** विनियोजन गरेको छु ।
- युवा तथा खेलकूद कार्यक्रम सञ्चालनका लागि रु. **५ लाख** विनियोजन गरेकोछु ।

**पर्यटन, लोक कला, साहित्य तथा संस्कृति तर्फ**

- त्रिवेणी गाउँपालिका ६ मा निर्माणाधीन जनयुद्ध संग्रालय निर्माणको कामलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र रहेका धार्मिक सम्पदा, मठ, मन्दिरको निर्माण तथा मर्मत कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- शिव मन्दिर निर्माण त्रिवेणी ८ को लागि रु. **४ लाख** र शिव मन्दिर निर्माण त्रिवेणी ६ झनखानीका लागि रु. **३ लाख** विनियोजन गरेको छु ।
- त्रिवेणी गाउँपालिकाको लोक साहित्य र संस्कृति संरक्षणका लागि क्रियाकलाप सञ्चालनका लागि रु. **३ लाख** व्यवस्था गरेको छु ।

**सूचना तथा सञ्चार**

- त्रिवेणी गाउँपालिकालाई सूचना तथा सञ्चारमैत्री बनाईनेछ । नियमित पत्रकारहरुसँग भेटघाट र अन्तर्क्रिया गरी भएगरेका कामहरुको सार्वजनिक गर्ने र सल्लाह सुझाव लिइनेछ । पत्रकारहरुको समग्र क्षमता विकासका लागि गतिविधि सञ्चालन गरिनेछ । आम सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**गैरसरकारी संघ संस्था तर्फ**

- त्रिवेणी गाउँपालिकाभित्र कार्य सञ्चालनका लागि विभिन्न समयमा अनुमति लिएका गैर सरकारी संस्थाहरुलाई एकद्वार प्रणालीमा आवद्ध गर्न देहायका संघ

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

संस्थाहरुले आफ्नो तर्फबाट पेश गरेको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि समावेश गरेको छु।

- स्याक नेपालः
  - *सिम्तारेखोला सोलार लिफ्ट खानेपानी पुनर्निमाण, त्रिवेणी १०ः रु. ३५ लाख*
  - *खोरियाखोला काप्रापानी राङ्टे खानेपानी मर्मत, त्रिवेणी ६ः रु. १५ लाख*
  - *चौरील्ला कुरल खानेपानी मर्मत, त्रिवेणी ३ः रु. १५ लाख*
  - *सामाढुंगा दहभागे खानेपानी मर्मत, त्रिवेणी १ः रु. १५ लाख*
  - *खुम्चेरी दलित बस्ती सामुदायिक सरसफाई तथा स्वच्छता प्रवर्द्धन, त्रिवेणी ४ः रु. १० लाख*
  - *ग्याङ्ना लुलुङ्गा बस्ती सामुदायिक सरसफाई तथा स्वच्छता प्रवर्द्धन, त्रिवेणी ८ः रु. १० लाख*
  - *जिवाङ बस्ती सामुदायिक सरसफाई तथा स्वच्छता प्रवर्द्धन, त्रिवेणी ५ः रु. १० लाख*
- नेपाल खीष्टीय राहत सेवाः रु. ९१ लाख ५६ हजार
- सहकर्मी समाज नेपाल : रु. ७ लाख ८० हजार
- ओरेक नेपाल : रु. ८९ हजार
- नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा रुकुम पश्चिमले भूकम्पबाट भएको क्षतिमा केन्द्रित रही यस त्रिवेणी गाउँपालिकामा आवास निर्माण, जिविकोपार्जन, विपद् जोखिम व्यवस्थापन, सामुदायिक संलग्नता तथा जवाफदेहिता, संरक्षण, लैंगिक र समावेशीकरण/शिक्षा/योजना, अनुगमन मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी कार्य गर्ने गरी प्रस्ताव पेश गरेको छ।

यी विषयगत क्षेत्रमा छुटेका अन्य थप क्रियाकलापहरु सञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ। संघीय सरकार र प्रदेश सरकारबाट थप अनुदान प्राप्त भएमा सम्बन्धित कार्यविधि अनुसार क्रियाकलापहरु सञ्चालन गरिनेछ। बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**सभाध्यक्ष महोदय,**

**बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ।**

आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि रु. **५८ करोड २३ लाख १३ हजार** रुपैंया विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ रु. **३७ करोड १४ लाख १३ हजार** अर्थात **६३.७८ प्रतिशत** र पुँजीगततर्फ रु. **२१ करोड ९ लाख** अर्थात **३६.२२ प्रतिशत** रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. **१ करोड**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **८ करोड ८८ लाख**, संघीय सरकार सशर्त अनुदानबाट रु. **२६ करोड ८८ लाख**, *संघीय विशेषतर्फ रु. २ करोड ५० लाख,* संघीय सरकार राजश्व बाँडफाँडबाट रु. **८ करोड ३८ लाख**, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **९३ लाख ३३ हजार**, प्रदेश सरकार सशर्त अनुदानबाट रु. **५ करोड २ लाख ८३ हजार**, *प्रदेश सरकार समपूरकतर्फ रु. २ करोड २५ लाख र प्रदेश सरकार विशेषतर्फ रु. १ करोड २० लाख,* प्रदेश सरकार राजश्व बाँडफाँडबाट रु. **९ लाख ५ हजार ९ सय ८९** र आर्थिक वर्ष २०८०/०८१ मा खर्च नभई बचत हुने रकम रु. **१ करोड ८ लाख ९१ हजार ११** प्रक्षेपण गरेको छु।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष २०८१/०८२ का लागि निम्नानुसार आन्तरिक राजश्व परिचालन नीति अवलम्बन गरिनेछ।**

- आन्तरिक स्रोत परिचालन तर्फ एकदमै न्यून राजस्व संकलन हुने गरेको तथ्यलाई बोध गर्दै राजश्वका दररेट र दायराका सन्दर्भमा व्यापक छलफल तथा अध्ययन अनुसन्धान गरी निर्णय लिइनेछ।
- वडा र गाउँपालिका बीचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गरिनेछ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाईनेछ।
- कर तिर्ने प्रवृत्तिको विकास गर्ने गराईने छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**अध्यक्ष महोदय,**

बजेट तयारीको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक संघ संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन्, सबै एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध बनौं । बजेट छलफलमा सबै सदस्यज्यूहरुले सक्रिय सहभागीता जनाई बजेट अनुमोदन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

**धन्यवाद ।**

.........................

राजकुमारी रेउले
उपाध्यक्ष

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)